म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १२६ आइतबार ३ पुस २०७९ ने. सं. ११४३ थिंलागा 18 December, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य:

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## गतिशिल सहकारीको साधारणसभा

हेटौंडा, २ पुस/ हेटौंडा उपमहानगरपालिका वडा नं. १ मैनटारस्थित गतिशिल कृषि सहकारी संस्था लिमिटेडको १२ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष रामकृष्ण अधिकारीको सभाध्यक्षतामा भएको साधारणसभाका प्रमुख अतिथि हेटौंडा वडा नं. १ का वडा अध्यक्ष सविन न्यौपानेले कृषिको माध्यमबाट ग्रामीण अर्थतन्त्र उकास्न सकिने बताए । उनले करेसाबारी मात्रै व्यवस्थित गर्न सके तरकारीमा हुने खर्च जोगाएर अन्यत्र लगानी गर्न सकिने हुँदा कृषि नै उन्नतीको आधार रहेको बताए । उनले खेतबारी बाँझो राखेर अन्यत्र रोजगारबाट कमाएको अम्दानीले घर चलाउन समेत धौधौ भइरहेको यथार्थ ग्रामीण भेगमा देखिएकोप्रति चिन्ता व्यक्त गरे ।

सहकारीका व्यवस्थापक दिलबहादुर विश्वकर्माले आर्थिक प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा हेटौंडा उपमहानगर कार्यपालिका सदस्य इश्वरी रसाईली, मैनटार टोल विकास संस्था अध्यक्ष रामप्रसाद तिमल्सिना लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

### बागमती प्रदेशमा नयाँ सरकार गठनको बाटो खुल्यो

# यस्तो छ सरकार गठन प्रक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/ बागमती प्रदेशमा नयाँ सरकार गठनको बाटो खुल्ला भएको छ । शनिबार निर्वाचन आयोगले बागमती प्रदेशसभा निर्वाचनको प्रतिवेदन प्रदेश प्रमुख यादवचन्द्र शर्मालाई बुझाएसँगै बागमती प्रदेशमा नयाँ सरकार गठनको बाटो खुलेको हो ।

संविधानत: आयोगले सम्पूर्ण निर्वाचन परिणाम जानकारी गराएपछि प्रदेशसभाको बैठक प्रक्रिया र प्रदेश सरकार गठनको प्रक्रिया अघि बढ्छ । संविधानको धारा १८३ ले गरेको व्यवस्थाअनुसार प्रदेश प्रमुखले प्रदेशसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले २० दिनभित्र प्रदेश सभाको अधिवेशन आह्वान गर्न सक्नेछन् । सरकारको सिफारिसमा प्रदेश प्रमुख शर्माले पहिलो बैठक बोलाउने प्रदेश प्रमुख कार्यालयले जनाएको छ ।

निर्वाचन आयोगले निर्वाचनको अन्तिम परिणाम बुझाएसँगै प्रदेशसभा सचिवालयले नवनिर्वाचित प्रदेश सांसद्हरुलाई शपथ ग्रहणको तयारी थालेको छ । प्रदेशसभाका सचिव कृष्णहरि खड्काले कानुनी व्यवस्थाअनुसार आयोगले निर्वाचनको अन्तिम परिणाम शनिबार प्रदेश प्रमुखसमक्ष बुझाएसँगै आफूहरुले सांसद्हरुको शपथग्रहणको लागि आवश्यक प्रक्रिया सुरु गरेको बताए । उनले निर्वाचन परिणामअनुसार सुरुमा उमेरको हिसाबले ज्येष्ठ सदस्यलाई प्रदेश प्रमुखसमक्ष शपथ ग्रहण गराउने र ज्येष्ठ सदस्यबाट अन्य प्रदेशसभा सदस्यहरुलाई प्रदेशसभा बैठक कक्षमा शपथ ग्रहण गराउने तयारी गरेको बताए ।

संविधानको धारा १८३ अनुसार प्रदेश प्रमुखले निर्वाचनको अन्तिम परिणाम घोषणा भएको २० दिनभित्र प्रदेशसभाको अधिवेशन आह्वान गर्नुपर्ने व्यवस्था छ । संविधानको धारा १७९ मा प्रदेशसभाका सदस्यहरुले प्रदेशसभा वा त्यसको कुनै समितिको बैठकमा पहिलोपटक भाग लिनुअघि प्रदेश कानुनबमोजिम शपथ लिनुपर्ने व्यवस्था छ । संविधानको धारा १८२ को उपधारा (५) मा प्रदेश सभामुख र प्रदेश उपसभामुखको निर्वाचन नभएको वा दुबै पद रिक्त भएको अवस्थामा प्रदेशसभा बैठकको अध्यक्षता उपस्थित सदस्यमध्ये उमेरको हिसाबले ज्येष्ठ सदस्यले गर्ने व्यवस्था छ ।

प्रदेशसभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७५ को दफा १९ मा प्रदेशसभा सदस्यले प्रदेशसभा वा त्यसको कुनै समितिको बैठकमा भाग लिनुअघि प्रदेशसभाको अध्यक्षता गर्ने व्यक्तिसमक्ष शपथ लिनु पर्नेछ । तर संविधानको धारा १८२ को उपधारा (५) बमोजिमको सदस्यले प्रदेश प्रमुख समक्ष शपथ लिनुपर्ने व्यवस्था छ ।

प्रदेशसभाको बैठकबाट नै मुख्यमन्त्रीको निर्वाचन प्रक्रिया पनि अघि बढ्छ । नेपालको संविधानको धारा १६८ को १ बमोजिम प्रदेश प्रमुखले प्रदेशसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद्को गठन हुनेछ । तर, बागमती प्रदेशमा कुनैपनि एउटामात्रै दलले प्रदेशसभामा एकल बहुमत पाउन नसकेको हुँदा धारा २ को उपधारा (१) बमोजिम प्रदेशसभामा कुनैपनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्न सक्ने व्यवस्था रहेको छ ।

संविधानको धारा १६८ को (३) मा प्रदेश सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र उपधारा (२) बमोजिम मुख्यमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेशसभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था गरेको छ । धारा ७ को उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा मुख्यमन्त्री नियुक्त हुन नसकेमा मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेशसभालाई विघटन गरी ६ महिनाभित्र अर्को प्रदेशसभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मिति तोक्नेछ ।

धारा ८ अनुसार प्रदेश सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा मुख्यमन्त्रीको पद रिक्त भएको मितिले पैंतीस दिनभित्र यस धाराबमोजिम मुख्यमन्त्री नियुक्ति सम्बन्धी प्रक्रिया सम्पन्न गर्नु पर्नेछ । धारा ९ मा प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेशसभाका सदस्य मध्येबाट समावेशी सिद्धान्तबमोजिम मुख्यमन्त्रीसहित प्रदेशसभाका कूल सदस्य संख्याको २० प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्ने कुरा उल्लेख छ ।

११० सदस्यीय बागमती प्रदेशसभामा प्रत्यक्षतर्फ ६६ र समानुपातिकतर्फ ४४ सांसद् निर्वाचित हुन्छन् । प्रत्यक्ष र समानुपातिक गरेर कांग्रेस सबैभन्दा ठूलो पार्टी बनेको छ । कांग्रेससँग प्रत्यक्षतर्फ २५ र समानुपातिकतर्फ १२ सिट गरी कूल ३७ सिट छ । जुन २०७४ को प्रदेशसभा निर्वाचनबाट प्राप्त सिटभन्दा १५ ले बढी हो । अघिल्लो कार्यकालमा कांग्रेस प्रदेशसभाको तेस्रो ठूलो दलको हैसियतमा थियो ।

गठबन्धनकै अर्को दल नेकपा माओवादी केन्द्रसँग २१ सिट रहेको छ । माओवादी केन्द्रले प्रत्यक्षतर्फ १४ र समानुपातिकतर्फ ७ सिट ल्याएको हो । माओवादीलाई सिट संख्याको आधारमा अघिल्लो निर्वाचनभन्दा घाटा लागेको छ । एमालेसँग गठबन्धन गरेर लडेको २०७४ को निर्वाचनमा माओवादीले कूल २३ सिट ल्याएको थियो ।

माओवादीले प्रदेशसभाको दोस्रो ठूलो दलको हैसियत गुमाउँदै तेस्रो ठूलो दलमा खुम्चिएको छ । प्रदेशसभामा एमाले दोस्रो ठूलो दलको हैसियतमा छ । यसैगरी, गठबन्धनकै अर्को दल नेकपा एकीकृत समाजवादीसँग कूल ७ सिट छ । असोज २०७८ मा एमालेबाट विभाजन भई १३ सिटसहित प्रदेश सरकारको नेतृत्व गरेको नेकपा एसले यस निर्वाचनबाट ६ सिट गुमाएको हो ।

समाजवादीले प्रत्यक्षमा ५ र समानुपातिकमा २ सिट ल्याएको छ । एकीकृत समाजवादी प्रदेशको चौथो ठूलो पार्टीबाट एक स्थान तल खस्किएको छ । नेकपा एसलाई राप्रपाले उछिन्यो । हालकै सत्ता गठबन्धन टिकेर सरकार गठन गरेमा बागमती प्रदेशसभाको प्रमुख प्रतिपक्षी दल एमाले बन्ने निश्चित छ । अघिल्लो कार्यकालमा तत्कालीन नेकपा हुँदा र एमाले एक्लै हुँदा पनि सरकार गठनका लागि स्पष्ट बहुमत थियो ।

एमालेसँग मात्रै ५७ सिट थियो । दोलखाबाट निर्वाचित पशुपति चौलागाईंको निधनपछि सिट संख्या ५६ पुगेको थियो । पार्टी विभाजन हुँदा पनि एमालेसँग ४३ सिट थियो । हाल एमालेसँग कूल २७ सिट छ । प्रत्यक्षमा १३ सिट जितेको एमालेले समानुपातिकमा १४ सिट ल्याएको हो । अघिल्लो कार्यकालको सबैभन्दा ठूलो दलबाट दोस्रोमा एमाले आइपुग्दा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले भने उल्लेख्य उपलब्धि हासिल गर्दै चौथो स्थान बनायो । अघिल्लो कार्यकालमा समानुपातिकबाट २ सिटमात्रै पाएको राप्रपाले यस निर्वाचनबाट भने कूल १३ सिट ल्याएको छ । राप्रपाले प्रत्यक्षमा ७ र समानुपातिकमा ६ सिट ल्याएको हो । नेपाल मजदुर किसान पार्टीसँग ३ सिट छ । प्रत्यक्षतर्फ १ सिट जितेको नेमकिपाले समानुपातिकबाट २ सिट ल्याएको हो । नेमकिपासँग अघिल्लो कार्यकालमा २ सिटमात्रै थियो । यसैगरी, हाम्रो नेपाली पार्टीले प्रत्यक्षमा १ र समानुपातिकमा १ गरी २ सिट ल्याएको छ ।

## महिलाको प्रतिनिधित्व बढ्यो

हेटौंडा, २ पुस/ बागमती प्रदेशसभाको दोस्रो कार्यकालमा महिलाको प्रतिनिधित्व बढेको छ ।

शनिबार निर्वाचन आयोगले प्रदेश प्रमुख यादवचन्द्र शर्मालाई बुझाएको निर्वाचनको अन्तिम मतपरिणाम अनुसार बागमती प्रदेशसभाको दोस्रो कार्यकालमा महिलाको सहभागिता बढेको पाइएको हो । बागमती प्रदेशको पहिलो कार्यकालमा प्रत्यक्ष र समानुपातिक प्रणालीबाट गरी ३७ जना महिला प्रदेशसभा सदस्य थिए ।

एकसय १० सांसद् रहेको बागमती प्रदेशभाको दोस्रो कार्यकालको लागि गत मङ्सिर ४ गते सम्पन्न भएको निर्वाचनबाट प्रत्यक्ष र समानुपातिक प्रणालीबाट गरी ४० जना महिला प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन् । पहिलो र दोस्रोपटक भएको प्रदेशसभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट यस प्रदेशमा समान पाँच-पाँच जना महिला प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन् ।

पहिलो प्रदेशसभाको कार्यकालमा समानुपातिकतर्फ विभिन्न दलबाट गरी ३३.६३ प्रतिशत अर्थात् ३२ जना महिला र १२ पुरुषको प्रदेशसभामा प्रतिनिधित्व रहेको थियो । दोस्रो कार्यकालका लागि पुरुष प्रदेशसभा सदस्यको संख्या ९ मा झरेको छ भने महिला प्रदेशसभा सदस्यको संख्या बढेर ३५ जना अर्थात् ३६.३६ प्रतिशत पुगेको छ ।

यस प्रदेशको पहिलो प्रदेशसभामा नेपाली कांग्रेसको महिला र पुरुष समान सात-सात जना, नेकपा (एमाले)का महिलामात्र १६ जना, नेकपा (माओवादी केन्द्र)का पाँच महिला र तीन पुरुष, विवेकशील साझा पार्टीका एक महिला र दुई पुरुष, राष्ट्रिय प्रजातन्त्र पार्टीको दुई महिला र नेपाल मजदुर किसान पार्टीका एक महिलाले समानुपातिक प्रणालीबाट प्रतिनिधित्व गरेका थिए ।

यस्तै, दोस्रो प्रदेशसभा कार्यकालमा समानुपातिक प्रणालीबाट कांग्रेसको महिला ११ जना र पुरुष एक जना, एमालेका महिला नौ जना र पुरुष पाँच जना, माओवादी केन्द्रका महिला पाँच र पुरुष दुई, राष्ट्रिय प्रजातन्त्र पार्टीका पाँच महिला र एक पुरुष, नेपाल मजदुर किसान पार्टीका दुई महिला र हाम्रो नेपाली पार्टीबाट एक महिला प्रदेशसभामा पहिलोपटक संसदीय राजनीतिका लागि प्रवेश गर्दै हुनुहुन्छ ।

समावेशी सिद्धान्तअनुसार बागमती प्रदेशसभाको दोस्रो कार्यकालका लागि समानुपातिक प्रणालीतर्फ आदिवासी जनजातिबाट २२ जना, अल्पसंख्यकबाट कांग्रेस, एमाले र माओवादी केन्द्रका गरी तीन जना, खसआर्यबाट अपाङ्गता भएका एकसहित १७ जना र दलित प्रदेशसभा सदस्यमा एमाले र कांग्रेसका गरी दुई जना छन् । आदिवासी जनजातिबाट प्रतिनिधित्व गर्ने २२ जनामध्ये एमालेका तीन र माओवादी केन्द्रका एक गरी चार पुरुष र १८ महिला तथा खसआर्यतर्फ १७ जनामध्ये एमालेका दुई, कांग्रेस, माओवादी केन्द्र र राप्रपाका एक-एक पुरुष र बाँकी महिला प्रदेशसभा सदस्य समानुपातिक प्रणालीबाट निर्वाचित भएका छन् । अल्पसंख्यक र दलित समुदायबाट समानुपातिकतर्फ निर्वाचित सबै प्रदेशसभा सदस्य महिला छन् ।

## बागमतीमा समानुपातिकतर्फ ३३ दलको धरौटी जफत



साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/ निर्वाचन आयोग नेपालले बागमती प्रदेशमा समानुपातिकतर्फ ३३ वटा राजनीतिक दलको धरौटी जफत भएको जानकारी दिएको छ ।

बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्मासमक्ष शनिबार बागमती प्रदेशसभा सदस्य निर्वाचन परिणामसहितको प्रतिवेदन पेश गरेपछि पत्रकार सम्मेलन गर्दै आयोगले समानुपातिकतर्फ निर्वाचनमा ४० राजनीतिक दल सहभागी भएकोमा ३३ दलको धरौटी जफत भएको जनाएको हो । प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ अनुसार समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत्को निर्वाचनमा कुनै राजनीतिक दलले कम्तिमा एक सिट प्राप्त नगरेमा त्यस्तो दलले राखेको धरौटी जफत हुने व्यवस्था छ । ऐनको दफा ६० मा प्रदेशसभामा समानुपातिक निर्वाचन प्रणालीतर्फको कूल सदर मतको १ दशमलव ५ प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्ने दलको तर्फबाट उम्मेदवार निर्वाचित हुने व्यवस्था छ ।

समानुपातिकतर्फ सहभागी दलहरुले ऐनमा तोकिएबमोजिम धरौटी तिरेरमात्रै उम्मेदवार खडा गर्नुपर्ने व्यवस्था रहेको आयोगका सचिव गोकर्णमणि दवाडीले जानकारी दिए । बागमती प्रदेश सभामा ७ वटा राजनीतिक दलको समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रदेशसभामा प्रतिनिधित्व भएको हो । जसमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), नेकपा (एकीकृत समाजवादी), नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र हाम्रो नेपाली पार्टी रहेका छन् । यसैगरी, बागमती प्रदेशसभामा समानुपातिकतर्फ अन्तिम बन्द सूची कायम हुँदा ७ सय ५४ जना उम्मेदवार रहेका थिए ।

प्रत्यक्षतर्फ पुरुष ५ सय ८८ र महिला ८० गरी कूल ६ सय ६८ जनाको अन्तिम उम्मेदवारी कायम भएको थियो । जसमध्ये प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ १० प्रतिशत भन्दा कम मत प्राप्त गर्ने पुरुष उम्मेदवार ४ सय १७ जना र महिला उम्मेदवार ६७ जना गरी कूल ४ सय ८४ जनाको धरौटी जफत भएको आयोगका सचिव दवाडीले जानकारी दिए । बागमती प्रदेशसभामा १ सय १० प्रदेशसभा सदस्य रहनेछन् । ४ मंसिरमा भएको निर्वाचनबाट ६३ दशमलव ६३ प्रतिशत अर्थात् ७० जना पुरुष सदस्य र ३६ दशमलव ३७ प्रतिशत अर्थात् ४० जना महिला सदस्य निर्वाचन भएको आयोगले जानकारी दिएको छ ।

प्रत्यक्षतर्फ ५ सय ८८ जना पुरुष र ८० जना महिला गरी कूल ६६८ जना उम्मेदवार थिए । प्रत्यक्षतर्फको निर्वाचन प्रणालीमा ३५ राजनीतिक दलले सहभागिता जनाएका थिए । आयोगको प्रतिवेदनमा बागमी प्रदेशमा महिला १७ लाख ३३ हजार ३ सय ७८, पुरुष १७ लाख ३८ हजार ८७ र अन्य २७ गरी कूल ३४ लाख ७१ हजार ४ सय ९२ मतदाता कायम रहेका थिए । प्रत्यक्षतर्फ २१ लाख ४ हजार ५ सय ७८ (६० दशमलव ६२ प्रतिशत) मतदान भएको थियो । ७६ हजार ९ सय ३८ (३ दशमलव ६६) प्रतिशत मत बदर भएको थियो । यसैगरी, समानुपातिकतर्फ निर्वाचनमा २० लाख ९९ हजार १ सय ७ (६० दशमलव ४७ प्रतिशत) मतदान भएको आयोगले जनाएको छ । १ लाख २५ हजार ६ सय ३३ (५ दशमलव ९९ प्रतिशत) मत बदर भएको थियो ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर: ९८४५०२७०६४/९८५५०६८०३८

**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

**यात्रु महानुभावहरूलाई खुसीको खबर !**

२०७९ पौष १ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौंसम्म दैनिक दिवा सेवा बिहान ६ बजे र ७ बजे
- कलंकी बसपार्क काठमाडौंबाट १ बजे र २ बजे दिउँसो लगनखेल ठिंगन हुँदै हेटौंडा सम्म




सम्पर्क:
९८५५०६७६५५, ९८५५०७१६२५, ९८५५०७०५६०

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरू:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

**हार्दिक बधाई तथा शुभकामना**





जेसीआई हेटौंडा वर्ष २०२३ को लागि शनिबार भएको निर्वाचनमा कार्यकारिणी उपाध्यक्ष पदमा **विकेशलाल श्रेष्ठ** निर्वाचनबाट बिजयी र उपाध्यक्षमा **सन्तोष पराजुली** निर्बिरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाई सहित नवनिर्वाचित सम्पूर्णमा हार्दिक बधाई एवम् कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछु ।

च्याङ्बा लामा (संचालक) एवम्
**टोनर हाउस परिवार**
हेटौंडा-४, मकवानपुर

साझाकुरा

हाम्रो कुरा

# उद्देश्यअनुरुप सहकारी सञ्चालन आवश्यक

सहकारी हुनलाई सहकार्यमा सबैको उद्देश्य एक हुनुपर्छ । तर, एउटै उद्देश्य भन्दैमा राजनैतिक कार्यकर्ताहरुले संस्था गठन गरेर सहकारी संस्थालाई राजनैतिक मञ्चको रुपमा उपयोग गर्ने, एउटा डाक्टरले प्रवेश गरेर आफ्नो क्लिनिकमा सबै सदस्यहरु बोलाएर आफ्नो आम्दामी बढाउने, ठगहरु मिली संस्था गठन गर्ने र छद्म प्रवृत्तिका व्यक्तिहरु पसेर सदस्यको बचत लिएर कुलेलम ठोक्ने व्यक्तिहरुर समूहहरुको बीच एकै उद्देश्य हुने भएपनि त्यस्तो सहकार्य सहकारी मूल्य विपरीत हुने भएकोले सहकारी हुनै सक्दैन । व्यापारी र किसानबीच एउटै उद्देश्य नहुन सक्छ । त्यसैले उद्देश्य एकै हुनलाई पेशागत समानता, पूँजीगत समानता, सोचाई र दृष्टिकोणमा समानता जस्ता पक्षहरु महत्वपूर्ण मानिन्छन् । सहकार्य सहकारीको मूल्य मान्यता, सिद्धान्त र मर्मअनुरुपको हुन सक्छ ।

हाल नेपालमा बचत तथा ऋृण, बहुउद्देश्यीय, दुग्ध, कृषि, स्वास्थ्य, सञ्चार, शिक्षा, उपभोक्तालगायत सहकारी संस्थाहरु दर्ता भएर सञ्चालनमा छन् । तर, विशेष उद्देश्य राखेर सहकारी दर्ता गरिए तापनि संस्थाको प्रमुख गतिविधिमा बचत संकलन गर्ने र ऋृण प्रवाह गर्ने पर्दै आएको छ । जुन उद्देश्य लिएर सहकारी संस्था दर्ता गरिएको हो, त्यो उद्देश्य पूरा गर्नको लागि सोही उद्देश्यअनुरुप काम गर्नु अपरिहार्य छ । सहकारी संस्थाहरु स्थानीय तहको मातहत आएका छन् । अब सहकारी नियमन गर्नको लागि उद्देश्यअनुरुप सहकारी सञ्चालन गराउन स्थानीय तहले प्रभावकारी कदम चाल्नु पर्दछ । कृषि सहकारीले कृषि प्रबर्द्धन नगर्ने, दुग्ध सहकारीले दूध उत्पादन बढाउने र कृषकलाई प्रोत्साहन नगर्ने, उपभोक्ता सहकारीले उपभोग्य बस्तु उत्पादन र बजारीकरण नगर्ने जस्ता उद्देश्यमूलक ढंगले नचल्दा सहकारीबाट हुनुपर्ने प्रगति नभइरहेको स्पष्ट छ ।

अब सहकारी संस्थालाई एकीकरण गर्ने मुद्दा उठिरहँदा सहकारीको उद्देश्यहरुलाई मिलाएर एकीकरण गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी बढाउने बेला भएको छ । स-साना सहकारी संस्थाहरुमा जम्मा भएर बसेको जनताको धेरै ठूलो धनराशि उपलब्धिहीन अवस्थामा छ । सहकारीमा रहने सञ्चित कोष, तरलतालगायत पूँजीलाई उत्पादनमूलक कार्यमा प्रयोग गर्न सके देशमा रोजगारीको प्रबर्द्धन गर्न पनि सकिन्छ । स-साना बस्तु उत्पादनमा सहकारीहरु लाग्न सके त्यसले पूँजी प्रबर्द्धनमा पनि टेवा पुग्ने देखिन्छ । त्यसैले सहकारीहरुलाई उद्देश्यअनुरुप सञ्चालन गर्दै उत्पादनमूलक क्षेत्रमा जोड्न ढिला गर्नु किमार्थ हुँदैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ पुस ४ गते सोमबार १९ डिसेम्बर २०२२ । एकादशी पौष कृष्णपक्ष । थिंलागा ११४३ ने.सं. । सूर्योदय ६:५१, सूर्यास्त ५:१० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक लाभ | तुला | : धर्मबाट सन्तोष |
| वृष | : विदेशबाट लाभ | वृश्चिक | : कार्यमा अवरोध |
| मिथुन | : आफन्तमा विवाद | धनु | : स्वजनबाट विरोध |
| कर्कट | : स्थानान्तरणको योग | मकर | : शैक्षिककार्यमा बाधा |
| सिंह | : सन्तान पक्षबाट नैराश्यता | कुम्भ | : सन्तान पक्षबाट सन्तोष |
| कन्या | : पराक्रम वृद्धि | मीन | : आफन्तमा विवाद |

# यसकारण बन्नुहुन्न खुलामञ्चमा भूमिगत पार्किङ



डा. पीताम्बर शर्मा



जिब्रो नचपाई बोल्ने हो भने मलाई खुलामञ्चमा भूमिगत पार्किङ बनाउने कुरा ठीक लागिरहेको छैन । भूमिगत पार्किङ भनेको भूगर्भ र वातावरणमा जोडिने विषय हो । भूमिमाथि के छ, त्यसमुनि कस्तो छ, त्यहाँ पानी सोसिने र सञ्चित हुने अवस्था के हो भन्ने जस्ता कुरा आउँछन् । म भूगर्भशास्त्री हैन, तर यति चाहिं भन्न सक्छु कि टुँडिखेलमा सोसिएर पुनर्भरण हुने भूमिगत जलभण्डारको पानी त्यस वरपर का इनारहरूमा पुग्थ्यो । यो प्राकृतिक शृङ्खला जेजति बाँकी छ, खुलामञ्चमा भूमिगत पार्किङ बनाए अवश्य असर पर्छ ।

नेपालमा हुने गरेको निर्माण र त्यसको गुणस्तर हेर्दा ठूलो क्षमताको पार्किङप्रति सहानुभति राख्ने ठाउँ पनि छैन ।यातायात व्यवस्थापनको लागि काठमाडौंमा हुनुपर्ने कुरा त अरू नै हो । मुख्य शहरहरूभित्र आउने सवारीको संख्या नै घटाउने उपाय खोज्नुपर्ने हो । त्यस्तो उपाय, जसले काठमाडौंको मुख्य शहरी क्षेत्रमा निजी सवारी पुग्न नै बन्द गरिदेओस् । विभिन्न स्थानबाट सार्वजनिक यातायात सहज होस् । जस्तो- म सानेपा बस्छु, न्युरोड जानुपऱ्यो भने सार्वजनिक बसमा जान्छु र घर फर्किन्छु । त्यस्तो सार्वजनिक यातायात सेवा भरपर्दो होस् । मलाई शहरभित्र एकबाट अर्को ठाउँमा जाँदा निजी गाडी चलाउनै नपरोस् । यस्तो यातायात व्यवस्थाको परिकल्पना, योजना र कार्यान्वयन अहिलेको खाँचो हो ।शहरबाहिर बस्नेहरूले पनि गुणस्तरीय सार्वजनिक यातायात सेवा पाओस् । गुणस्तरीय शहरी यातायात सेवा भए निजी गाडीको खर्चमाथि महँगो पार्किङ शुल्क व्यहोर्न कोही तयार हुँदैन । एउटा निजी गाडीमा बढीमा पाँच जना बस्छन् । यस्तो सवारीलाई प्रोत्साहित गर्नु भनेको शहरमा थोरै मान्छेका लागि धेरै जमिन छाडिदिनु हो । जबकि, व्यवस्थित शहर मा ८० प्रतिशत आवागमन पैदल हुने हालसम्मको अध्ययनहरूले देखाएका छन् ।

हामीले गर्नुपर्ने भनेको मानिसहरू सजिलै शहरका केन्द्रमा पुग्ने, उनीहरूको आवागमनले ट्राफिक चाप नपार्ने र शहरका अमूल्य खाली जमिन वा खुला क्षेत्रको संरक्षण पनि हुने व्यवस्था हो । तर, खुलामञ्चमुनि पार्किङ बनाएर काठमाडौंको केन्द्र भागमा अझ धेरै गाडी लैजाने सुविधा जुटाउने योजना कार्यान्वयन हुन लागेछ । यस्तो सोच कसले, कताबाट ल्याउँछ भनेर बुझ्न सकिएको छैन ।

गर्नुपर्ने त पैदलयात्रुको सुविधा प्रवर्द्धन हो । किनभने, काठमाडौं शहर बनेकै पैदलयात्रुका लागि हो । नयाँ शहर बनाउँदा धेरै गाडी व्यवस्थापन हुनेगरी योजना बनाए भयो, तर काठमाडौंमा गाडी घटाउने काम गर्नुहोला भन्ने मेरो आग्रह छ । पर्यटकीय महत्वलाई जीवितै राख्न पनि काठमाडौंको सम्पदा स्थलहरूमा गाडीको भीडभाड र कोलाहल घटाउनैपर्छ ।खुलामञ्चमा पार्किङको व्यवस्था गरेपछि त शहरभित्र सवारीको चाप बढेर ट्राफिक व्यवस्थापन झन् भद्रगोल हुने जोखिम हुन्छ । ट्राफिकसँगै शहरमा प्रदूषण बढ्छ । नेपालका शहरी प्रदूषणमा ६० प्रतिशत हिस्सा यातायात क्षेत्रकै भएको अध्ययनहरूले देखाएका छन् । अघि नै भनें, म वातावरणविज्ञ होइन, तर सामान्य बुझाइमै पनि काठमाडौं जस्तो शहरको बीचमा कुनै खाले ठूलो पार्किङ लट उपयुक्त हुँदैन । त्यसले मुख्य शहरका सडकमा ट्राफिक चाप र चोकमा जाम तथा प्रदूषण घटाउँदैन, बढाउँछ ।

### *खुला क्षेत्रको महत्व बुझौं*

शहरहरूमा कम्तीमा १२ प्रतिशत जमिन खुला क्षेत्र हुनुपर्छ । शहरी योजनाको मापदण्डमा प्रशस्त हरियालीयुक्त क्षेत्र, मैदान र पार्कहरू हुनुपर्छ भन्ने छ । यस्ता क्षेत्र जति बढी भयो शहर उति बस्नयोग्य हुन्छ । तर, काठमाडौंमा ०.४ प्रतिशत मात्र खुला क्षेत्र रहेको सरकारकै अध्ययनले देखाएको छ । म विद्यार्थी छँदा टुँडिखेल निकै फराकिलो थियो । जनताले निकै लामो समयदेखि जोगाएर राखेको मैदान थियो, यो । मैले जान्दाजान्दै शहीदगेट दक्षिणतर्फ सेनाले कब्जा गरेर अनेक प्रयोजनका भवनहरू बनायो । जबकि, सेनालाई शहरबाहिर कुनै क्षेत्रमा राख्न सकिन्थ्यो । रंगशाला पनि यही सार्वजनिक जग्गा मिचेर बन्यो । टुँडिखेल मिच्ने काम अझै हुने रहेको छ ।

बचेखुचेको टुँडिखेल महाभूकम्पका बेला धेरैको लागि आश्रयस्थल बनेको थियो । खुलामञ्चमा भूमिगत पार्किङ बन्यो भने भोलिको विपदमा त्यस्तो आश्रयस्थल पाउने अवस्था रहँदैन । यो कारण पनि खुला क्षेत्रको महत्व हरेक शहरियाले बुझ्न जरूरी छ । हुन त काठमाडौं महानगर पालिकामा 'नयाँ' मेयर सा'ब आउनुभएको छ, उहाँका आफ्नै सोचहरू होलान् । त्यसमा खुला बहस, छलफल हुनुपर्छ । त्यसले निष्कर्षमा पुग्न सजिलो हुन्छ । आधुनिक शहरमा मौलिक शैली र गुणहरू मासिनुहुँदैन भन्ने कुरा बिर्सनुहुँदैन ।

### *वाक् स्वतन्त्रता जोगाऔं*

विश्वका लोकतान्त्रिक मुलुकहरूका शहरमा जनताले आफ्नो कुरा भन्न, सरकार को विरोध वा प्रदर्शन गर्न पाइने सार्वजनिक ठाउँ हुन्छ । लण्डनको हाइड पार्कमा 'स्पिच कर्नर' छ, जहाँ जो पनि गएर आफूलाई चित्त नबुझेको कुरा भन्न पाउँछ । बेलायतका प्राय: सबै शहरमा यस्ता ठाउँ छन् ।

काठमाडौंको खुलामञ्च नेपालको त्यस्तै ठाउँ हो । जनताले राजनीतिक खुलापनको अनुभव र वाक् स्वतन्त्रताको अभ्यास गर्ने यस्ता ठाउँको संरक्षण हुनुपर्छ । २०७१ सालपछि खुलामञ्चमा कहिले बसपार्क त कहिले पार्किङ बनाइयो । कहिले ठेकेदार कम्पनीहरूको निर्माण सामग्री थुपार्ने थलो बनाइयो । खुलामञ्च जसरी प्रयोग हुनुपर्थ्यो, त्यसरी भएन । भूमिगत पार्किङ बने खुलामञ्चमा सामान्य नागरिक अझ निषेधित हुनेछन् । खुलामञ्चमा भूमिगत पार्किङ बनाउँदा प्रभावित हुने एउटा मात्र पाटो छैन । महानगर पालिकाको नेतृत्व ती सबै पक्षमाथि विचार गरेर अगाडि बढोस् ।

(*साभार:अनलाइनखबर*)

# पुस्तान्तरण: महत्वाकांक्षा कि समाधान ?

✍ राजेन्द्र किराती

पछिल्लो समय पुस्तान्तरणको चर्चाले राम्रै स्थान पाइरहेको छ । युवा र वूढाको वहस निकै पेचिलो बन्दै गइरहेको छ । यति मात्र होइन, औसत परम्परागत पार्टीहरू भन्दा नयाँ पार्टी, त्यसमा पनि स्वतन्त्र अझ युवाहरूलाई बनीबनाउ विकल्पको रुपमा हेर्न थालिएको छ । हाम्रो अर्थराजनीतिमा धेरै समस्या विद्यमान छन् । विकृति र विसंगतिहरू बढिरहेको छ । जनविश्वासहरू घट्दै गइरहेको छ । यद्यपि नेपाली समाजमा विद्यमान समस्याको मुलभूत कारणहरू के के हुन् र त्यसको वास्तविक निकास कसरी हुन्छ भनेर गहिरो चिन्तन् मनन् भने भएको देखिदैन ।

नेपाली राजनीतिमा धेरै समस्याहरू विद्यमान रहेको कुरा सत्य हो । त्यसको समाधान खोज्नैपर्ने टड्कारो वस्तुगत आवश्यक्ता छँदैछ । तर समाधानको मुख्य जरा वा कडी के हो भनेर पहिचान गर्नेतर्फ सचेत ध्यान गएको छैन । हाल प्रयोगमा आइरहेको वैकल्पिक अभिमतहरू त्यति वस्तुसंगत, मूर्त र समाधान केन्द्रीत देखिदैन । वस्तुत: पुस्तान्तरण हुनुपर्दछ । युवाहरूलाई उचित भूमिका दिनैपर्दछ । यसमा धेरै तिक्त तर्क वहस गरिरहनु कुनै जरुरी छैन । तर के युवाहरू निरपेक्ष समाधान हुन् त ? यस्ता यक्ष प्रश्नको जवाफ निकै जटिल देखिन्छ ।

पुस्ता वा युवाको कुरा गर्दा पौराणिक कालका शक्तिशाली राजामहाराजाहरूलाई पनि राजकुमारहरूले राजगद्धीबाट हटाएको धेरै दृष्टान्तहरू छन् । ती राजकुमार वा राजपरि वारका सदस्यहरूले पनि शासन सत्ता राम्रोसँग सञ्चालन गर्न नसकेको, शान्ति सुरक्षाको प्रत्याभूति नभएको, प्रजाको भलो गर्न नसकेको, समय सापेक्ष सक्षम शासक वन्न नसकेको अनि शक्तिशाली राजाको रुपमा नेतृत्व गर्न नसकेको भन्दै उनीहरूलाई सत्ताच्यूत गरिन्थ्यो । त्यसपछि त्यहाँ अन्य नयाँ र युवा राजकुमारहरू सत्तासीन हुन्थे । यद्यपि समस्या भने ज्युँ का त्युँ हुने गर्दथ्यो ।

बाजे, बाबा, काका र दाजुले गर्न नसकेको काम म गर्छु भनेर राजगद्दी ताक्ने युवा राजकुमार पनि अन्तत: उही ड्याङ्गको मुला हुन पुगे किन ? यसको वस्तुवादी कारणहरू असाध्यै स्पष्ट छ । खास गरी त्यहाँ राजतन्त्रात्मक शासन प्रणाली वा पद्धति उही छ । राजदरवार र भाइ भारदार उही छ । सिंहसान र ढोंग-ढर्रा एउटै छ । मनोवैज्ञानिक भाष्य उही छ । परम्परा, सँस्कार र सँस्कृति उही छ । सोंच, चिन्तन् र मनोविज्ञान उही छ । राजकीय खानदान, उठवस, शान, मान र मर्यादा उस्तै छ । पावर, पद, प्रतिष्ठा र प्रभाव उस्तै छ । सर्वोच्चता र निचताको लक्ष्मणरेखा उस्तै छ । प्रधानत: सिंगो राजसिंहासनको चरित्र उही छ । तब त्यहाँ व्यक्ति परिवर्तन वा युवा परिवर्तन गरिएपनि गुणात्मक परिणाम केही पनि हात लागि हुँदैन । त्यस्ता निरंकुश राजतन्त्रलाई उल्टाउन पुस्तौं पुस्तासम्म जनताले लड्नु परेको तितो इतिहास कसैमा छिपेको छैन । हिजोआज स्वतन्त्र र नयाँ पार्टीको पनि निकै चर्चा हुन थालेको छ । पुरानो पार्टी र नेताप्रति वुझेर हो वा नवुझी आम वितृष्णा फैलिएको छ । पुरानो पार्टी र बूढा नेताले गर्न नसकेको काम स्वतन्त्र, नयाँ पार्टी र युवा नेतृत्वले रातारात सल्टाइहाल्छन् भन्ने बनीबनाउ भाष्य सिंगो समाजमा जवरजस्त रुपमा दर्ज गरिदैछ । तर यस्ता मनोविज्ञानहरू मात्रै भरपर्दो समाधान नहुन सक्छ ।

किनभने पुरानो पार्टी र बूढा नेताहरूले टेकेको समाज, अपनाइएको शासन प्रणाली, राजकीय सिद्धान्त, संविधान, ऐन, कानुन, विधि, प्रक्रिया, सोंच, चिन्तन्, मनोविज्ञान, जीवन व्यवहार, महत्वाकांक्षा, जीवनशैली, कार्यशैली, स्वार्थगत लेनादेना-सम्पर्क-सम्वन्ध, अर्थराजनैतिक उठवस, सामाजिक संस्कार, साँस्कृतिक भाष्य, धार्मिक परम्परा, ढोंग-ढर्रा-आडम्वरी सामाजिकी, शक्ति-शान-प्रतिष्ठा-प्रभाव प्रदर्शन अनि दम्भ-घमण्ड-मपाईत्व सबै उस्तै छ ।

तब यही धरातलमा उभिएको त्यही पार्टीको विचारद्वारा निर्देशित एउटा युवाले कसरी जादुगरी शैलीमा समाधान गर्ला त हाम्रो समाजमा व्यप्त यति विघ्न असंगत पक्षहरू ? यो वेला यस्तै यक्ष प्रश्नहरूको सही उत्तर खोज्न अनिवार्य देखिन्छ । वस्तुत: स्वतन्त्र, नयाँ पार्टी र युवाहरूले केवल सिकारु जोगीले धेरै खरानी घसेजस्तै विग्रेको, भत्केको कुराहरूलाई चोटिलो र गहकिलो किसिमले अभिव्यक्त गर्दै आफ्नो स्वार्थगत उद्देश्य प्राप्ती गर्ने कसरतलाई बुझ्न कठिन छैन । उनीहरूले गम्भीर सवालहरू नै उठाइरहेका छन् । भाषण र कुरा मिलाएर गरिरहेका छन्, अनि प्रतिवद्धताहरू आकर्षक र कलात्मक ढंगले प्रस्तुत गरिरहेका छन् । नाराहरू मन छुने नै लगाइरहेका छन् । पुरानो पार्टी र नेताहरूको कमी कमजोरीलाई उजागर गरिरहेका छन् । पार्टी र नेताहरूले केही गल्ती कमी कम्जोरीहरू पनि गरेकै छन् ।

त्यसो त कतिपय जनस्तरबाट उठाउनै पर्ने सवालहरू पनि छन् । अर्थात् उनीहरूले समाजोपयोगी र जनहितकारी मुद्धाहरू नै उठाइरहेका छन् । उनीहरूले उठाएका मुद्धाहरूमा हाम्रो विमति कदापी होइन । उनीहरू राजकीय प्रणाली र पद्धतिमा समस्या रहेको चूरो विषय वा गहिराइमा जाँदैनन् । उनीहरू केवल यो पार्टी, त्यो पार्टी अनि यो व्यक्ति र त्यो व्यक्तिमा मात्र खोट देख्छन् र सतही र अमूक समाधान खोज्छन् । मतदाताहरूको दिग्भ्रमलाई आफ्नो स्वार्थ सिद्धिको भऱ्याङ वनाउँछन् । साँच्चै चित्त नवुझेको विषय यही हो । प्रणालीमा समस्या भएपछि विर्खवहादुरले गर्न नसकेको काम तीर्थवहादुरले गर्छ भन्नु विज्ञान सम्मत हुँदैन । असहमति र विरोध यहीनेर हो ।

तब यस्ता प्रतिवद्धताहरू केवल एउटा नयाँ जोगीले धेरै खरानी घसेजस्तै मात्र हुन पुग्दछ । नयाँ जोगीले धेरै खरानी लगाउनु उसको वाध्यता हो । जोगी वन्न अरु जोगीको भन्दा उसको संघर्ष, त्याग र लगानी निकै कम छ । यसकारण उसले जोगीको ट्याग झुण्ड्याउन पाएकै छैन । जोगी ट्याग झुण्डयाउनु छ अनि चिनिनु पर्नेछ, साथै परिचित हुनुछ तर धेरैले चिन्दैनन् । त्यसैले, पेशेवर जोगीको प्रसिद्धी वा व्राण्ड वनाएर धेरैलाई जित्नुछ वा उनीहरू भन्दा अघि बढ्नु छ । तर उसले पनि जोगीको स्थापित व्राण्ड बनाइ सकेपछि वा स्वार्थ सिद्ध गरिसकेपछि औसत अरुले जस्तै खरानीको सानो टीका मात्र लगाउन थाल्नेछ । सामान्य जोगीकै भेषभुषा, चालचलन र व्यवहार प्रदर्शन गर्नेछ । तब अन्तत: औसत जोगीकै रुपमा स्थापित हुनेछ । अपवादवाहेक राजनीतिमा पनि यही सार्वभौम नियम लागु हुने देखिन्छ ।

यसकारण धेरै स्वतन्त्र, युवा र नयाँ पार्टीहरूको ठूलो र कलात्मक खरानीको टीका देखेर वा सुनेर हावामा तरङ्गित हुनु भन्दा सतहमा उभिएर ठोस र वस्तुसंगत निर्णय गर्नु वुद्धिमानी हुन्छ । यो सचेत नागरिकको ऐतिहासिक कार्यभार पनि हो । मूलत: निरपेक्ष रुपमा चरम महत्वाकांक्षाषा र आत्मकेन्द्रीत स्वार्थद्धारा निर्देशित समाजमा पुस्तान्तरण र स्वतन्त्रको कुरा भनेको पनि स्वार्थगत लेनादेनाको गुरुत्वकेन्द्र वरिपरिबाटै आउने गर्दछ । वर्तमान राष्ट्रिय राजनीतिमा अन्तरनिहीत असंगतिलाई आन्दोलनकै रुपमा अघि वढाएर समाधान गर्ने हो भने सबैले यस्तो अभियानलाई 'सल्युट' गर्दै साथ र सहयोग दिनुपर्दछ । यसलाई संगठित र योजनावद्ध ढंगले एउटा आन्दोलनकै रुपमा अघि वढाउनुपर्दछ, जसले गलत प्रणालीलाई नै वदल्ने हैसियत राख्न सकोस् ।

आन्दोलनको ऐतिहासिक प्रक्रियामार्फत् वर्तमान वेथिति र विसंगतिहरूलाई निर्मूल गर्दै एक सुन्दर, शान्त, समृद्ध र उन्नत समाज निर्माणको निर्मम संघर्षकै रुप हो भने हाम्रो पनि समर्थन रहनेछ । तर आत्मकेन्द्रीत व्यक्तिवादी स्वार्थ र महत्वाकांक्षाले नेतृत्व गरिरहेको समाजमा यस्तो कल्पना गर्नु दिवास्वप्न मात्र हुन्छ । यस्ता सबै तिकडम् र ट्याक्टीसहरू उही नयाँ जोगी वन्ने महत्वाकांक्षी स्वार्थ अन्तर गतकै साक्षात रिहर्सल मात्र हुन् । तर उपभोगवादी साँस्कृतिक स्वार्थद्वारा निर्देशित विश्व मानव समाजमा पछिल्लो समय उपभोग वासनासँगै चर म् महत्वाकांक्षा र अति स्वार्थले घर गरेको देखिन्छ । यसले स्वभाविक प्रक्रियाबाट भन्दा पनि छिटोमीठो तरिकाले विना लगानी स्वार्थपूर्तिको सपनासँगै स्वाद फेर्ने मनोवैज्ञानिक भाष्य निर्माण गरिरहेको छ । यस्तो चिन्तन् प्रवृत्तिले विचार, राजनीति, दृष्टिकोण, सही र गलत, अग्रगामी र पश्चगामी अनि एजेण्डाहरूलाई नजरअन्दाज गर्दछ । उनीहरू केवल अमूक र अमूर्त विकास, समृद्धि, सुशासन र भ्रष्टाचार विहीन समाजको परिकल्पना गर्दछन् । हल्लाखल्ला र महौलको पछि लाग्दछन् । मीठो, गुलियो, आकर्षक र औपचारिक पदावलीहरूमा रुम्मलिने गर्दछन् । वस्तुत उनीहरूको परि कल्पनाले वस्तुगत धरातल टेकेको वा छोएको हुँदैन । उपभोगवादी अर्थराजनीतिक स्कुलिङ्मा मतदाताहरूसमेत विना विचार र एजेण्डा भड्किने र वहकिने गर्दछन् । निश्चित वैचारिक लगाम हुँदैन । उनीहरूमा स्पष्ट अडान हुँदैन । आज यता, भोलि उता कुनै ठेगान हुँदैन । यस्तो वेला जनता जनार्दनले सही नै फैसला गर्छन् भन्ने केही ग्यारेण्टी हुँदैन । यस्तो परिवेशमा अलि अस्वभाविक ढंगले कुनै पनि वस्तु, व्यक्ति वा सत्ताको उठान र पतन हुने गर्दछ । त्यसमा अझ शक्तिकेन्द्रहरूको चलखेल जोडिदा अनुमान गरेभन्दा धेरै भिन्न तस्वीरहरू पनि पर्दामा आकस्मिक रुपमा देखिने गर्दछ ।

यस्तो प्रतिकुल परिवेशमा अमूर्त गोलमटोल सुगरकोटेड नारा र प्रतिवद्धतारुपी कमाण्डलु वोकेर आउने नयाँ जोगीलाई हामीले आलोचनात्मक दृष्टिबाट मूल्यांकन गर्नुपर्दछ । अन्यथा हामीहरू फेरि नयाँ जोगीको महाजोगी बन्ने रणनैतिक स्वार्थको जालोमा नराम्ररी फँस्नेछौं । त्यसैले, पुस्तान्तरणको उठान सही भएपनि अमूर्त छ । यसमा वस्तुवादी समाधानको आधार देखिदैन । स्वतन्त्रहरूले राम्रै मुद्धाहरू उजागर गरेका छन् तर त्यो अमुक छ । यसको दीर्घकालीन हल गरेरै छाड्ने स्पष्ट आधार भेटिदैन ।

युवा हुनु नै सबै समस्याको समाधान होइन । स्वतन्त्र हुनु नै बनीबनाउ हल होइन । पुरानो पार्टी र बूढो नेता हुनु नै अभिशाप होइन । यद्यपि युवाहरूले पनि त्यही बूढा नेताले नेतृत्व गरिरहेको खास पार्टीकै आधारभूत राजनैतिक विचारद्वारा निर्देशित भएर काम गर्ने होला । उदाहरणको लागि गगन थापाले आखिर काँग्रेसकै वैचारिक पदचिन्हअनुसार काम गर्नुपर्दछ । आकाश धरती नै जोडिन्छ भनेर हावादारी वा मनगढन्ते विश्लेषण गर्नुहुँदैन । ट्याक्टफुल्ली उठाइएको पुस्तान्तरणको महत्वाकांक्षी रणनीतिमा धेरै भर नपरौं । यो समाधान नभएर केवल कसैको स्वार्थ र महत्वाकांक्षाको धीत मार्ने क्याप्सुल मात्र हुन सक्छ । यता राष्ट्रिय राजनीतिमा व्याप्त समस्याहरू भनेको कुनै अमूक पार्टी वा नेताहरूको कारण मात्र पैदा भएको समस्या होइन । यो त हामीले प्रयोग गरिरहेको अर्थराजनैतिक प्रणालीमा रहेको समस्याहरूकै उपज हो । तसर्थ पुस्तान्तरणलाई निरपेक्ष र बनीबनाउ समाधान देख्नु अल्पज्ञान वा वैचारिक दरिद्रता हुन्छ । सही विचार, दृष्टिकोण, कार्यदिशा र कार्यक्रम हेरेर वस्तुवादी समाधान खोज्ने गरौं । प्रणालीमा रहेको खोटलाई बदलौं । परम्परागत र असंगतपूर्ण चिन्तन् प्रवृत्तिहरूलाई निस्तेज गरौं ।

युवा, प्रौढ र वृद्धाहरू एकअर्काका परिपूरक साधनहरू हुन् । तिनै पुस्ताहरू बिचको संगठित, एकीकृत र प्रतिवद्ध विचारमा मात्र समाधान देख्ने गरौं । अनि मात्र हामी समस्याहरूको दीर्घकालीन समाधान गर्न सक्नेछौं । अन्यथा यस्तो अमूक र गोलमटोल नाराद्वारा कसैले आफ्नो स्वार्थ र महत्वाकांक्षा त पुरा गर्ला तर राष्ट्रिय राजनीतिमा व्याप्त असंगतिहरूको वस्तुवादी समाधान हुँदैन । सबैलाई चेतना भया !

(*साभार: रातोपाटी*)

# वाइपास सडकमा डिभिजन वनद्वारा सरसफाई

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/ हेटौंडा उपमहानगरपालिकालाई सफा सहरको रुपमा कायम राख्ने अभियानले निरन्तरता पाइरहेको छ । यसअघि देशकै सफा सहर घोषित भएको हेटौंडालाई पुरानै उपलब्धि कायम गराउने अभियानमा हातेमालो बढ्दै गइरहेको छ ।

मेयरमा निर्वाचित भएपछि हेटौंडालाई सफा राख्ने अभियानअन्तर्गत् हरेक शनिबार सर सफाई अभियान चलाएकी प्रमुख मिनाकुमारी लामा यो शनिबार पनि खटिएकी छन् । उपमहानगरको सफा अभियानमा प्रत्येक वडा कार्यालय र टोल विकास संस्थाहरुले सहयोग गर्दै आएका थिए । हेटौंडालाई सफा राख्न उपमहानगरमात्र नभई बागमती प्रदेश सरकारले पनि सफा अभियान चलाउँदै आएको छ । शनिबार बागमती प्रदेश सरकारको सहर सफा गर्ने अभियानअन्तर्गत्



डिभिजन वन कार्यालय मकवानपुरले हेटौंडा बजारको बाइपास सडक सर सफाई गरेको हो ।

राम मन्दिर चोकदेखि चाइनाक्वाटर गेटसम्मको क्षेत्र सर सफाई गरिएको छ । कार्यलयले हेटौंडा उपमहानगरपालिका र सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरको समन्वय तथा सहकार्यमा सरसफाई अभियान सञ्चालन गरेको हो । हेटौंडा उपमहानगरपालिकाका प्रमुख लामाको प्रमुख आतिथ्यता तथा डिभिजनल वन अधिकृत शिव सापकोटाको विशेष आतिथ्यतामा कार्यक्रम भएको हो । मेयर लामाले प्रदेशको राजधानी सफा र स्वच्छ बनाउन जिल्लाबासीकै भूमिका महत्वपूर्ण हुने बताइन् । यस अभियानमा हेटौंडा उपमहानगर पालिका सहयोग गर्न सदैव तयार रहेको उनको भनाइ थियो । प्रदेश राजधानीलाई सफा, स्वच्छ र हराभरा बनाउन यस अभियानले सहयोग पुऱ्याउने मेयर लामाले विश्वास व्यक्त गरिन् ।

सरसफाइ अभियानमा जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी वल १४ नम्बर गण, सामुदायिक प्रहरी सेवा केन्द्र, वडा कार्यालय, टोल विकास संस्था, अमर मावि, ज्ञानदा मावि, सोलिड्यारिटी इन्टर नेशनल एकेडेमीका शिक्षक तथा विद्यार्थी, सामुदायिक वन समूह, वनका कर्मचारी तथा सर्वसाधारणको उपस्थिति थियो । उपमहानगर पालिकाले प्रत्येक हप्ताको शनिबार सरसफाई अभियान सञ्चालन गरि रहेको छ भने डिभिजन वन कार्यालय मकवानपुरले बागमती प्रदेश सर कारको सहयोगमा महिनाको एकदिन सरसफाई अभियान सञ्चालन गरि रहेको छ ।

# हेटौंडामा महिला शिक्षकहरुको भेला




साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/ हेटौंडामा नेपाल राष्ट्रिय शिक्षक संगठन मकवापुरको जिल्ला महिला भेला भएको छ । शनिबार हेटौंडामा संगठनमा आवद्ध महिला शिक्षकहरुको भेला भएको हो ।

भेलाको अवसरमा नेकपा एमालेबाट निर्वाचित प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौला र बागमती प्रदेशसभा सदस्यहरु एकालाल श्रेष्ठ र भारती पाठकलाई बधाई तथा शुभकामना प्रदान गरिएको छ ।

बर्तौला र श्रेष्ठ प्रत्यक्ष निर्वाचन प्रणालीबाट बिजयी भएका थिए भने पाठक सामानुपातिक तर्फको निर्वाचन प्रणालीबाट प्रदेशसभा सदस्य भएकी हुन् । भेलाको प्रमुख आतिथ्यता मकवापुर क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य बर्तौलाले गरेका थिए । बर्तौलाले महिला शिक्षकहरुले गुणस्तरीय शिक्षा प्रदानमा ध्यान दिनुपर्ने बताए ।

संगठनको भेलाले प्रतिमा गौतमको संयोजकत्वमा ३१ सदस्यीय जिल्ला मिहला विभाग तथा गीता पौडेलको संयोजकत्वमा २५ सदस्यीय हेटौंडा उपमहानगर महिला विभाग गठन गरेको जनाइएको छ । कार्यक्रमको अवसरमा शिक्षक सेवा आयोग परीक्षणमा सफल भएका मावि शिक्षकहरुलाई सम्मान प्रदान गरिएको थियो ।

भेलामा हेटौंडा-११ की वडा अध्यक्ष जुना दाहाल, संगठन राष्ट्रिय समिति सदस्य लक्ष्मी गजुरेल, निवर्तमान राष्ट्रिय समिति सदस्य पद्मा पौडेल, संगठन जिल्ला अध्यक्ष श्रीराम दहाल, सचिव मुकुन्द न्यौपाने, शिक्षक सहकारी अध्यक्ष सिताराम दहाललगायतको आतिथ्यता थियो ।

# लर्ड बुद्धका विद्यार्थीले गरे रानी वनको अवलोकन

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/ काठमाडौंको लर्ड बुद्ध कलेजका विद्यार्थीहरुले रानी सामुदायिक वनको अवलोकन गरेका छन् ।

शनिबार बिहान कलेजका विद्यार्थीले वनको अवलोकन गरेका हुन् । वनको अवलोकन गर्न आएका अवलोकनकर्ताहरुलाई समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, उपाध्यक्ष केशव धिताल, सचिव नानीमाया रुम्बा, कोषाध्यक्ष गोमा लामिछाने, कार्यालय सचिव भीमसेन पौडेल र कार्यसमितिका पदाधिकारीहरुले स्वागत गरेका थिए ।

सहभागीहरुलाई सामुदायिक वनको उद्देश्य, संस्थागत विकास, पर्यापर्यटन, महिला सहभागिता, सामाजिक विकास, गरिबी न्यूनीकरण लगायत विषयहरुमा जानकारी गराइएको थियो ।

कलेजका शिक्षक राजीव जोशीको नेतृत्वमा आएको भ्रमणदलमा डिप्लोमा ईन फरेष्ट्री तेश्रो वर्षमा अध्ययनरत् विद्यार्थीहरुको सहभागिता थियो ।

# एक करोड रकमसहित कान्तिपुर सहकारीका अध्यक्ष फरार

सप्तरी/सप्तरीको राजविराजस्थित कान्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष करोडौं रुपैयाँ लिएर फरार भएका छन् ।

राजविराज नगर पालिका-७ मा रहेको सहकारीका अध्यक्ष बेचन यादवसहित पदाधिकारी एक करोड रुपैयाँभन्दा बढी रकम लिएर फरार भएका हुन् । अध्यक्ष बेचन सप्तरीकै विष्णुपुर गाउँपालिका-१, जमुनीका बासिन्दा हुन् ।

बचतकर्ताका अनुसार संस्था सञ्चालक समितिका पदाधिकारी एक वर्षदेखि सम्पर्कमा आएका छैनन् । गएको मङ्सिर २० गते जिल्ला प्रहरी कार्यालय सप्तरीमा उजुरी दर्ता गराए पनि प्रहरीले पक्राउ नगरेको बचतकर्ताको गुनासो छ ।

शनिबार बचतकर्ताले सहकारीका सचिव सिद्धार्थ तातेडलाई उनको घरबाट ल्याएर जिल्ला प्रहरी कार्यालय सप्तरीको जिम्मा लगाएका थिए । आक्रोशित बचतकर्ता शनिबार जिल्ला प्रहरी कार्यालय सप्तरीको मूलगेटमा केही बेर धर्नामा समेत बसेका थिए ।

*-न्युज कारखाना*

# पाँचौं बागमती गोल्डकप पुस २२ गतेदेखि हुने

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/ पाँचौं बागमती गोल्डकप फुटबल प्रतियोगिता यही पुस २२ गतेदेखि सुरु हुने भएको छ ।

मकवानपुरको बागमती गाउँपालिकाको आयोजनामा हुँदै आएको पाँचौं बागमती गोल्डकप फुटबल प्रतियोगिता यही पुस २२ गतेदेखि सुरु हुने भएको हो । शुक्रबार बागमती गाउँपालिका खेलकुद विकास समितिको बैठकले पाँचौं संस्करणको प्रतियोगिताको मिति तय गरेको जनाइएको छ । प्रतियोगिता आयोजनाका लागि बागमती गाउँपालिकाले ३५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

६५ लाखदेखि ७० लाख रुपैयाँ लागत अनुमान गरिएको प्रतियोगितामा प्रायोजक र विज्ञापन मार्फत् नपुग रकम संकलन गरिने बागमती गाउँपालिका खेलकुद विकास समिति अध्यक्ष टिकालाल श्रेष्ठको भनाइ छ ।

प्रतियोगिताको उपाधि विजेताले नगद ८ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले ४ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । बागमती-८, फापरबारीस्थित जनता माविको खेलमैदानमा हुने प्रतियोगितामा आयोजकसहित ए डिभिजन क्लबको सहभागिता रहनेछ । चौथो संस्करणको उपाधि 'ए' डिभिजन क्लब थ्री स्टारले जितेको थियो ।

# नारी चेतनाको १९ औं साधारणसभा सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/ हेटौंडा-६ चुच्चेखोलामा रहेको नारी चेतना बचत तथा ऋण सहकारी संस्थाको १९ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

संस्थाकी कार्यबाहक अध्यक्ष राधिका गौतमको सभाध्यक्षता तथा मकवानपुर क्षेत्र नम्बर-१ का प्रतिनिधिसभा सदस्य दिपकबहादुर सिंहको प्रमुख आतिथ्यतामा शनिबार संस्थाको १९ औं वार्षिक साधारणसभा सम्पन्न भएको हो ।

साधारणसभामा संस्थाकी कार्यबाहक अध्यक्ष गौतमले संस्थागत प्रतिवेदन, सचिव देवकुमारी डंगोलले प्रगति प्रतिवेदन, कोषाध्यक्ष शर्मिला ढकालले आर्थिक प्रतिवेदन, लेखा सदस्य श्रीदेवी दुलालले लेखा समितिको प्रतिवेदन, ऋण समिति सदस्य सविना गुरुङले ऋण उपसमितिको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

त्यसैगरी, व्यवस्थापक मोदकुमारी दहालले चालु आवको लागि २ करोड ७४ लाखको अनुमानित आयव्यय विवरण पेश गरेकी थिइन् ।

सभामा ज्येष्ठ सदस्य हिरादेवी श्रेष्ठ, नियमित बचतकर्ता सृष्टि विक, असली कारोवारी धनमाया राई र बाल बचतमा सलमी रम्तेललाई पुरस्कृत गरिएको थियो । यसैगरी, संस्थाको विकासमा सहयोग गर्ने पवित्रा अर्याल, कमला श्रेष्ठ, चण्डीका ढकाल र ज्ञानेन्द्र अर्याललाई सम्मानित गरिएको थियो ।

कार्यक्रममा हेटौंडा-६ का कार्यवाहक वडाअध्यक्ष विजय पौडेल, नारी चेतना केन्द्रकी संस्थापक अध्यक्ष प्रतिभा सुवेदी, नारीचेतना केन्द्रकी अध्यक्ष सृजना पौडेल, सचिव शान्ति लामा, कोषाध्यक्ष कल्पना बस्नेत, मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघका सञ्चालक सदस्य हिमाल पौडेल, कामधेनु सहकारीका अध्यक्ष उदय बिडारी, रानी सामुदायिक वनका सचिव नानीमाया रुम्बा, प्रगतिशिल महिला आपसी विकास संस्थाकी ब्यवस्थापक कल्पना पराजुली, सञ्चारकर्मी भीमसेन पौडेललगायतको उपस्थिति थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

## विश्वकप-२०२२

# फिफा विश्वकपको त्यो ३३औं टोली, जसले जित्दैछ समर्थकको मन

काठमाडौं/कतारमा जारी फिफा विश्वकपमा प्यालेस्टाइन खेलेको छैन, तर यो फुटबल महाकुम्भमा अरब जगतका साथसाथै करोडौं फ्यान उसको पक्षमा रहेका छन् ।

खेल मैदानदेखि कतारको सडकसम्म प्यालेस्टिनी झण्डा फहराइँदैछ । विश्वकपमा ३२ देशका टोली खेल्दा पनि प्यालेस्टाइन '३३औं टोली'का रूपमा यहाँ उपस्थित रहेको छ । र, जसले विश्वकपको ताज पाए पनि, प्यालेस्टाइन पनि विजेता हुने बताइएको छ ।

डिसेम्बर ६ मा अन्तिम १६ मा स्पेनलाई पराजित गरेपछि मोरक्कन टोलीले मैदानमा प्यालेस्टाइनको झण्डा फहराउँदा अल रेयानको एजुकेशन सिटी स्टेडियम हर्षोल्लासले गुञ्जिएको थियो। मोरक्कोको इजरायलसँग कूटनीतिक सम्बन्ध भएता पनि यसका खेलाडीहरूले यसको पर वाह नगरेर प्यालेस्टिनी मुद्दामा खुलेर समर्थन व्यक्त गरेर फ्यानहरूका बीचमा हिरो बनेका छन्। समूह चरणमा क्यानडालाई हराएपछि मोरक्कोको टोलीले प्यालेस्टिनी झण्डा बोकेर खुशी मनाएको थियो । तर, फिफाको नियमअनुसार पिचमा खेलाडीहरूलाई ब्यानर, झण्डा, फ्लायर देखाउन निषेध गरिएको छ र कारबाही पनि गर्न सकिन्छ।

त्यसोभए जब मोरक्कन टोलीले उत्सव मनायो, संसार भरका प्यालेस्टिनी समर्थकहरूले उनीहरूको साहसको प्रशंसा र प्रशंसा गरे। प्यालेस्टिनी झण्डा बोकेका मोरक्कोका खेलाडीको तस्बिर सामाजिक सञ्जालमा भाइरल भयो । अल-जजिराको रिपोर्टका अनुसार मोरक्कोको विजयमा अरब देशका साथै प्यालेस्टाइनमा पनि उत्सव मनाइएको थियो ।



गाजा स्ट्रिपको एक खेलकुद हलमा हजारौं मानिसहरू भेला भएका थिए र तिनीहरू सबैले यो खेलमा मोरक्कोलाई समर्थन गरिरहेका थिए।

### मोरक्कन टोलीको उत्सव

यस विश्वकपमा मोरक्कोको टोली सेमिफाइनलमा फ्रान्ससँग हार बेहोरेर विश्वकपको दाबीबाट बाहिरिएको छ । मोरक्कन टोली हारे पनि विश्वकप फुटबलको इतिहासमा सेमिफाइनल पुग्ने पहिलो अफ्रिकी-अरब टोली बनेर इतिहास रच्यो।

मोरक्कोको टोलीले जितेको दिन रंगशालादेखि कतारको सडकसम्म जताततै हरियो, सेतो, रातो र कालो रंगका प्यालेस्टाइनी झण्डाहरू देखिन थालेका थिए, जसले प्यालेस्टाइनको मुद्दा विश्वको आँखाबाट हराएको छैन भनेर बयान गरिरहेको थियो । रंगशाला र फ्यान जोनमा रहेका फ्यानहरूले प्यालेस्टिनी आर्मब्यान्ड र झण्डा सहितको ब्रेसलेट लगाएका थिए र 'फ्री प्यालेस्टाइन' नारा लगाएका थिए ।

प्यालेस्टाइनी फुटबल टोलीका अधिकारी राजौबले एएफपी समाचार एजेन्सीलाई भने, 'विश्वकपले हालैको शान्ति सम्झौतापछि प्यालेस्टिनी मुद्दा सकिएको कुरा झूट साबित भयो।' राजौब फतह आन्दोलनका महासचिव पनि हुन् । विश्वकपका क्रममा प्यालेस्टाइनले पाएको समर्थनलाई राजौबले यो सम्झौतामा 'थप्पड' ठान्छन्।

प्यालेस्टाइनीहरूले पूर्वी जेरुसेलममा प्यालेस्टाइन राज्य स्थापना नगरी इजरायललाई मान्यता दिने अरब लीगको दसकौं पुरानो अडानबाट सामान्यीकरण सम्झौतालाई विश्वासघात र पछि हटेको रूपमा हेर्छन्। प्यालेस्टिनी सेन्टर फर पा'लिसी एन्ड सर्भे रिसर्चले भनेको छ,' वर्षौंको निराशापछि कतार विश्वकपले प्यालेस्टाइनी जनताको अरब विश्वमा विश्वास पुर्नस्थापित गरेको छ।' राजौबले प्यालेस्टाइनलाई प्रतियोगिताको लागि छनोट भएको '३३औं' टोलीको संज्ञा दिए ।

### कतार सम्बन्ध

कतारको इजरायलसँग कुनै सम्बन्ध छैन र प्यालेस्टाइनलाई राष्ट्रको दर्जा दिने पक्षमा छ । कतार मा ठूलो संख्यामा प्यालेस्टिनी बसोबास गर्छन् । नोभेम्बर २९ मा कतारमा 'प्यालेस्टिनी जनतासँग एकताको अन्तर्राष्ट्रिय दिवस' औपचारिक रूपमा मनाइयो। कतारको विदेश मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै घेरामा परेको गाजा पट्टीको पुनर्निर्माणमा इन्धन र सहयोग गर्ने आफ्नो प्रतिबद्धता दोहोऱ्याएको छ।

गाजामा शासन गर्ने इस्लामिक कट्टरपन्थी समूह हमासका प्रवक्ता हाजेम कासिमले प्यालेस्टिनी मुद्दालाई अन्तर्राष्ट्रिय विश्वको ध्यानाकर्षण गराउन विश्वकपले ठूलो भूमिका खेलेको बताए। हमासलाई कतारको समर्थन छ । मोरक्को मूलका लाखौं यहूदीहरू इजरायलमा बस्छन्, जसमध्ये धेरैले मोरक्कोको आश्चर्यजनक विजय पनि मनाए। इजरायलका प्रमुख मिडिया हाउसहरूले पनि विश्व कपले अरबहरूको सहानुभूति कुन पक्षमा छ भन्ने कुरा प्रष्ट पारेको स्वीकार गर्नुपरेको थियो।

वामपन्थी अखबार हारेट्जले लेखेको छ, 'सामाजिक सञ्जालमा विश्वकपको वास्तविक विजेता प्यालेस्टाइन थियो।' फिफाले प्यालेस्टिनी फुटबल टोलीलाई मान्यता दिए पनि विश्वकपमा छनोट हुन सकेको छैन ।

### प्यालेस्टाइन-इजरायल द्वन्द्व

प्यालेस्टाइन र इजरायल बीचको द्वन्द्व दसकौं पुरानो हो र यसको जग दोस्रो विश्वयुद्धपछि सन् १९४८ मे १४ मा इजरायलको स्थापनापछि सुरु भएको हो।

त्यसयता इजरायल र अरब राष्ट्रहरूबीच चारवटा ठूला युद्ध भइसकेका छन्, तर समस्या समाधान गर्नुको सट्टा यसलाई थप जटिल बनाउने काम भएको छ । गत वर्ष गाजाका चरमपन्थी र इजरायली सेनाबीचको ११ दिने युद्धमा २०० प्यालेस्टिनी र दर्जनौं इजरायली मारिएका थिए ।

इजरायलको कब्जामा रहेको वेस्ट बैंक क्षेत्रमा सेनाले लगभग दिनहुँ कारबाही गर्छ। यस वर्ष हालसम्म यी अपरेसनहरूमा १ सय ३२ प्यालेस्टाइनी मारिएका छन् । जबकि प्यालेस्टिनी आक्रमणमा १९ इजरायली नागरिकको मृत्यु भएको छ । इजरायलले यी कार बाहीहरूमा चरमपन्थीहरूलाई लक्षित गरेको बताउँछ, तर मारिनेहरूमा प्यालेस्टिनी बालबालिकाहरू पनि छन् । *बीबीसी*

# क्रोएसियालाई दोस्रोपटक तेस्रो स्थान



काठमाडौं/क्रोएसियाले विश्वकप फुटबलको इतिहासमा दोस्रो पटक तेस्रो स्थान हात पार्न सफल भएको छ । गत विश्वकपमा उपविजेता बनेको क्रोएसियाले मोरक्कोलाई २-१ गोलले हराउँदै तेस्रो स्थानमा कब्जा जमाएको हो ।

शनिबार राति भएको खेलको सुरुवातमा नै क्रोएसियाले अग्रता लिएको थियो । सातौं मिनेटमा जोस्को जिभार्डिओलले गोल गर्दै क्रोएसियालाई अग्रता दिलाएका थिए ।

तर दुई मिनेट पछि नै मोरक्कोका असरफ दारीले बराबरी गोल फर्काएका थिए । मिस्लाभ ओरसिचले खेलको ४२ औं मिनेटमा गोल गर्दै क्रोएसियालाई पुन: अग्रता दिलाए । दोस्रो हाफमा दुवै टोलीले गोलका लागि प्रयास गरे पनि गोल हुनसकेन र खेल क्रोएसियाले आफ्नो पक्षमा पार्न सफल भयो ।

क्रोएसियाले यसअघि सन् १९९८ को विश्वकपमा तेस्रो स्थान हात पारेको थियो । त्यतिबेला क्रोएसियाले नेदरल्याण्डलाई २-१ गोल अन्तरले नै हराएको थियो । मोरक्कोले भने पहिलोपटक तेस्रो स्थानका लागि खेलेको हो । पहिलो पटक सेमिफाइनल पुग्ने अफ्रिकी टोलीको इतिहास रचेको मोरक्को फ्रान्ससँग पराजित भएको थियो ।

# कति हुन्छ विश्वकप विजेताको पुरस्कार रकम ?

काठमाडौं/कतार विश्वकपको फाइनल खेल आइतबार हुँदैछ । पहिलो पटक कतारमा भएको विश्वकप फाइनल खेलमा अर्जेन्टिना र फ्रान्स भिड्दैछन् । लियोनल मेस्सीको कप्तानीमा रहेको अर्जेन्टिना तेस्रो पटक विश्वकप फुटबलको उपाधि जित्ने लक्ष्यमा छ । यता फ्रान्स पनि लगातार दोस्रो पटक गरी समग्रमा तेस्रो पटक उपाधि जित्ने योजनामा छ ।

विश्व फुटबलकै महाकुम्भको विजेता टोलीले कति पुरस्कार पाउँछ भन्ने चर्चा हुन्छ । विश्वकपमा विजेता टोलीसँगै अन्य टोलीले पनि पुरस्कार पाउँछन् । विश्वकप विजेताले उपाधिसँगै ठूलो मात्रामा नगद रकम पाउँछ ।

कतारमा विश्वकपको विजेताले अहिलेसम्मकै सबैभन्दा धेरै ४२ मिलियन अमेरिकी डलर पाउनेछ । सन् २०१८ मा फ्रान्सले पाएको विश्वकपको पुरस्कारभन्दा ४ मिलियन धेरै हो ।

अब बन्ने विश्वकप विजेताले पाउने रकम नेपालीमा हिसाब गर्दा नेपाल राष्ट्र बैंकअनुसार शनिबारको अमेरिकी डलरको बिक्री मूल्य अनुसार करिब ५ अर्ब ५६ करोड ६१ लाख ४६ हजार ६०० हुन्छ । यस्तै उपविजेताले ३० मिलियन डलर अर्थात् नेपाली रकम ३ अर्ब ९७ करोड ५८ लाख १९ हजार पाउने छ ।

तेस्रो हुने टिमले २७ मिलियन अर्थात् ३ अर्ब ५७ करोड ८२ लाख ६० हजार पाउँदा चौथो हुने टिमले २५ मिलियन अर्थात् ३ अर्ब ३१ करोड ३१ लख ८२ हजार ५०० रुपैयाँ पाउनेछन् ।

"तपाई हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेवसाइडमाः www.sajhakuranews.com
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

# मनहरीमा राजश्व छली नियन्त्रणमा आउँदा बढ्यो आम्दानी

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/ जिल्लाका १० स्थानीय तहमध्ये मनहरी गाउँपालिका नदीजन्य पदार्थको निकासीबाट उल्लेख्य राजश्व संकलन गर्ने स्थानीय तह हो ।

जिल्लामा मनहरीसहित हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका, मकवानपुरगढी, बकैया, बागमती, राक्सिराङ गाउँपालिका नदीजन्य पदार्थबाट र म्रो आम्दानी गर्ने गाउँपालिकामा पर्छन् । हेटौंडा उपमहानगर पालिकापछि गाउँपालिका मध्ये सबैभन्दा धेरै राजश्व उठाउने भने मनहरी गाउँपालिका हो ।

मनहरीमा विगतको समयमा नदीजन्य पदार्थ ढुवानी गर्दा राजश्व छली हुने गरेको तथ्य बाहिर आएको थियो । तर, केही दिनअघि मात्रै गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले चितवनको सीमामा रहेको लोथरमै पुगेर राजश्व छली गर्ने ३ वटा टिपर लाई कानुनी कारबाहीको दायरामा ल्याएर जरिवाना तिराएपछि राजश्व छलीमा कमी आएको छ ।

जसकारण मनहरीमा नदीजन्य पदार्थबाट उल्लेख्य राजश्व आम्दानी भएको देखिएको हो । मनहरीले दैनिक ८ लाख रुपैयाँ वर पर नदीजन्य पदार्थबाट मात्रै आम्दानी गर्दै आइरहेको हो । गाउँपालिकाले कडा नीति लिएपछि राजश्व छली गर्दै आएका टिपर तथा ट्याक्टरहरुले भटाभट राजश्व तिरेर मालसामान ढुवानी गर्न थालेका छन् । राजश्व तिरेर मनहरीबाट नदिजन्य बस्तु ढुवानी गर्ने सवारी साधनको संख्यामा बृद्धि भएको पाइएको छ । मनहरीबाट अधिकांश नदीजन्य पदार्थ ढुंगा, गिट्टी र बालुवा छिमेकी जिल्ला चितवन निकासी हुँदै आएको छ ।

२२ मंसिरमा गाउँपालिकाले ३ वटा टिपरलाई कारबाही गरेपछि त्यसको भोलिपल्ट २३ मंसिरमा २ सय वटा ढुवानी साधनबाट ८ लाख १५ हजार २ सय रुपैयाँ राजश्व संकलन भएको गाउँपालिकाले जनाएको छ । २४ मंसिरमा ढुवानी साधनको संख्या बढेर २ सय १९ वटा पुगेको थियो । त्यसदिन गाउँपालिकालाई ८ लाख ६० हजार राजश्व प्राप्त भएको थियो । २५ मंसिरमा २ सय १२ वटा ढुवानी साधनले ८ लाख ६२ हजार ६ सय राजश्व तिरेका छन् ।

२६ मंसिरमा २ सय २१ वटा ढुवानी साधनले ८ लाख ६२ हजार ३ सय रुपैयाँ राजश्व तिरेको जनाइएको छ । २७ मंसिरमा भने नदीजन्य पदार्थ कम निकासी भएको देखिएको छ । त्यसदिन १ सय ९१ वटामात्रै ढुवानी साधन चल्दा ८ लाख ६२ हजार ६ सय रुपैयाँ संकलन भएको थियो ।

यसले पनि राजश्व छली गरेर नदीजन्य पदार्थ निकासी गर्नेहरुमा नियन्त्रण देखिएको हो । २८ मंसिरमा २ सय ८ वटा ढुवानी साधनले नदीजन्य बस्तु निकासी गर्दा ८ लाख ६२ हजार २ सय र २९ मंसिरमा १ सय ९४ वटा ढुवानी साधनबाट नदीजन्य बस्तु चितवन निकासी हुँदा ८ लाख ६२ हजार ६ सय राजश्व संकलन भएको गाउँपालिकाले जनाएको छ ।

यद्यपि, राजश्व छली गर्ने सवारीसाधनमाथि पूर्ण नियन्त्रण भने हुन सकेको छैन । गाउँपालिकाले राजश्व चुहावटलाई रोक्न विशेष नीति बनाउन लागेको जनाइएको छ । गाउँपालिकाले यसअघि राजश्व छली गर्न सहयोग गरेको आरोपमा कर्मचारीहरुलाई निलम्बनसमेत गरेको छ । टिपर चालकलाई जरिबाना तिराउनेलगायत दण्ड गर पछि राजश्व संकलनमा बृद्धि देखिएको छ ।

प्राप्त जानकारीअनुसार प्रहरी चौकी लोथरका इञ्चार्जको समेत सरुवा भएको पाइएको छ । यसअघि प्रहरीकै संलग्नतामा राजश्व छली हुने गरेको आरोप थियो । गाउँपालिका अध्यक्ष कालाखेतीले राजश्व छलीलाई नियन्त्रण गर्न अनेकौं उपायहरुको खोजी भइरहेको बताए ।

# हेटौंडा जेसीजको अध्यक्षमा बर्तौला



साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/ सामाजिक क्षेत्रमा क्रियाशील हेटौंडा जेसीजको वर्ष २०२३ को अध्यक्षमा श्रवणकुमार बर्तौला निर्बिरोध निर्वाचित भएका छन् ।

शनिबार भएको हेटौंडा जेसीजको भेलाले अध्यक्षमा युवा नेता तथा व्यवसायी बर्तौलालाई अध्यक्ष चयन गरेको हो । जेसीजको कार्यकारिणी उपाध्यक्षमा अमृत बर्तौला र विकेशलाल श्रेष्ठ चुनिए । दुई जना कार्यकारिणी उपाध्यक्षका लागि भएको मतदानबाट बर्तौला र श्रेष्ठ निर्वाचित भए । बर्तौलाले १ सय २३ मत ल्याउँदा श्रेष्ठले ८१ ल्याए र दुबै जना बिजयी भए । प्रतिद्वन्द्वी विवेक आनन्द न्यौपानेले ६४ मत र संगीत श्रेष्ठले १७ मतमात्रै पाए । यसैगरी उपाध्यक्षमा सन्तोष पराजुली, संजयकुमार न्यौपाने, राजुप्रसाद श्रीवास्तब र मिलन ढकाल सर्वसम्मत चयन भएका हुन् ।

हेटौंडा जेसीजमा कार्यकारिणी उपाध्यक्षमात्रै निर्वाचन भएको निर्वाचन आयुक्त राजदेव बानियाँले जानकारी दिए । हेटौंडा जेसीजको १७ सदस्यीय समिति हुनेछ । जसमा शनिबारको निर्वाचनबाट ७ जना चुनिएका छन् भने बाँकी अध्यक्षले मनोनयन गर्ने प्रावधान रहेको छ । अब अध्यक्षले जेसीजको कानुनी सल्लाहकार, महासचिव, सचिव, कोषाध्यक्ष, शाखा सम्पादक, पीआर रिलेशन अफिसरलगायत पदमा मनोचयन गर्नेछन् ।

# मकवानपुर उद्योग वाणिज्य संघको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/ मकवानपुर उद्योग वाणिज्य संघको ५६ औं वार्षिक साधारणसभा भएको छ । बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो ।

सभालाई सम्बोधन गर्दै मन्त्री मोक्तानले उद्योग, व्यवसायीहरुको समस्या समाधानमा आफूले सकेको सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेकी छन् । उनले उद्योगी, व्यवसायीहरुले राज्यलाई महत्वपूर्ण योगदान दिएको भन्दै सरकारले पनि उद्योग, व्यवसायीहरुको संरक्षण र हितका लागि काम गर्नुपर्ने धारणा राखिन् । जिल्लामा उद्योग र व्यवसायमा देखिएका समस्यालाई आफ्नो र प्रदेश सरकारको तर्फबाट सहयोग पुऱ्याउने उनले विश्वास दिलाइन् । साधारण सभामा संघका पदाधिकारीहरुले प्रतिवेदन प्रस्तुत गरेका थिए ।

संघका अध्यक्ष कृष्ण कुमार गुप्ताको सभाध्यक्षतामा भएको सभामा बागमती प्रदेशसभा सदस्य तथा एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठ, प्रदेशसभाका सदस्य प्रेमबहादुर पुलामी, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान र नेपाली कांग्रेस मकवानपुरका सचिव भिमसेन महत, उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य अरुणराज सुमार्गीलगायतको आतिथ्यता थियो । संघले प्रतिभा सम्बर्द्धन सम्मान पुरस्कारबाट हेटौंडाका राष्ट्रिय फुटबल खेलाडी अन्जन विष्ट र हेटौंडा-१८ हर्नामाडीका अन्तर्राष्ट्रिय मूर्तिकार लक्ष्मण भुजेललाई जनही नगद ११ हजार १ सय ११ रुपैयाँसहित सम्मान गरेको छ ।

# हेटौंडा लेडी जेसीज अध्यक्षमा घर्ती

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/ जेसीआई हेटौडा लेडी वर्ष २०२३ को नयाँ नेतृत्व चयनका लागि शनिबार भएको साधारणसभाबाट डिलमाया घर्ती 'दिलु' अध्यक्ष पदमा निर्बिरोध चयन भएकी छन् ।

साधारण सभाबाट कार्यकारिणी उपाध्यक्षद्वयमा शिखा भट्टराई शर्मा र अस्मिता न्यौपाने तथा उपाध्क्षहरुमा नम्रता श्रेष्ठ, कुसु पण्डित, पूजा बस्नेत र अलिशा न्यौपाने चयन भएको जेसीजले जनाएको छ ।

# मित्रमिलनको पूँजी १३ प्रतिशतले बृद्धि




साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/ हेटौंडा उपमहानगरपालिका-४, स्थित मित्रमिलन बहुउद्देश्यीय सहकारी संस्थाको २३ औं साधारणसभा भएको छ । साधारण सभामा प्रस्तुत आर्थिक प्रतिवेदन अनुसार सहकारीको शेयर पूँजी साढे १३ प्रशितले बृद्धि भएको छ ।

सहकारीको शेयर पूँजी आर्थिक वर्ष २०७७/०७८ मा भन्दा गत आव ०७८/०७९ मा १३ दशमलव ४८ प्रतिशतले बृद्धि भएको छ । सहकारीको चुक्ता शेयर पूँजी १ करोड ३६ लाख २ हजार ३ सय रुपैयाँ रहेको छ । आर्थिक वर्ष २०७७/२०७८ मा सहकारीको शेयर पूँजी १ करोड १९ लख ८६ हजार रुपैयाँ रहेको थियो । सहकारीमा १ हजार ६३ जना शेयर सदस्य छन् । सहकारीको हेटौंडामा शनिबार भएको वार्षिक साधारणसभामा सहकारीका अध्यक्ष भोलाप्रसाद शर्मा खरेलले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

खरेलको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा हेटौंडा-४ का वडा अध्यक्ष नवीन सिग्देल, हेटौंडा उपमहानगरपालिका सहकारी महाशाखा प्रमुख हिमप्रसाद पौडेल, राष्ट्रिय सहकारी बैंक हेटौंडाका प्रमुख रामेश्वर अर्याललगायतको आतिथ्यता थियो । सहकारीले ज्येष्ठ नागरिकमा कृष्णप्रसाद सुवेदी र तिलकुमारी तामाङ, असल बचतकर्तामा मनोज रिजाल र बासुदेव श्रेष्ठ, असल ऋणीमा पंकज ठाकुर र राजुकुमार श्रेष्ठ, उत्कृष्ट जेहेन्दार तथा गरिब विद्यार्थीमा अनुभव ढुंगाना र रोजी लामालाई नगद सहित पुरस्कार प्रदान गरेको छ ।

यसैगरी, मित्रमिलन बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्षमा फेरि भोलाप्रसाद शर्मा खरेल चयन भएका छन् । सहकारीको उपाध्यक्षमा निर्जा उप्रेती, सचिवमा भोगेन्द्र लुईटेल, कोषाध्यक्षमा बुद्धीनाथ खतिवडा चयन भए । सदस्यहरुमा त्रैलोक्ये मोहन ठिके, उत्तम घिमिरे, जयराम अधिकारी, हरिकृष्ण केसी, लक्ष्मी गौतम, केदार पुडासैनी र शम्भुप्रसाद बास्कोटा चयन भएका छन् । सहकारीको लेखा समिति संयोजकमा पुन: हरिप्रसाद रिजाल चयन भएका छन् । लेखा समितिको सदस्यमा बन्दना सुवेदी र राजकुमार जोशी चयन भए ।


## हार्दिक बधाई तथा शुभकामना



जेसीआई हेटौंडा लेडी वर्ष २०२३ को लागि शनिबार भएको निर्वाचनमा अध्यक्ष पदमा **डिलमाया घर्ती (दिलु)**, कार्यकारिणी उपाध्यक्षद्वय **शिखा भट्टराई शर्मा** र **अस्मिता न्यौपाने** तथा उपाध्यक्षहरुमा **नम्रता श्रेष्ठ, कुसु पण्डित, पूजा बस्नेत** र **अलिशा न्यौपाने** निर्बिरोध निर्वाचित हुनुभएकोमा सम्पूर्णमा हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछु ।

**बुद्धराज अर्याल**
हेटौंडा मकवानपुर

## हार्दिक बधाई तथा शुभकामना



जेसीआई हेटौंडा वर्ष २०२३ को लागि शनिबार भएको निर्वाचनमा अध्यक्ष पदमा **श्रवणकुमार बर्तौला** निर्बिरोध चयन, कार्यकारिणी उपाध्यक्षद्वयमा **अमृत बर्तौला** र **विकेशलाल श्रेष्ठ** निर्वाचनबाट बिजयी तथा उपाध्यक्षहरुमा **सन्तोष पराजुली, संजयकुमार न्यौपाने, राजुप्रसाद श्रीवास्तब** र **मिलन ढकाल** निर्बिरोध निर्वाचित हुनु भएकोमा सम्पूर्णमा हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछु ।

**बुद्धराज अर्याल**
हेटौंडा मकवानपुर


**ज्यामिरे-रामचन्द्रभन्ज्याङ्ग (चेनेज: ०+००० देखि १२+१५८) सडकखण्ड आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी**

## सार्वजनिक सूचना

प्रकाशित मिति:२०७९/०९/०३

बागमती प्रदेश, मकवानपुर जिल्ला इन्द्रशरोवर गाउँपालिकामा कुलेखानी-सिस्नेरी-छैमले-दक्षिणकाली सडक अन्तर्गत्को **ज्यामिरे-रामचन्द्रभन्ज्याङ्ग (चेनेज: ०+००० देखि १२+१५८)** सडक खण्ड प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना, बागमती प्रदेश मकवानपुर हेटौंडाद्वारा निम्नबमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | प्रदेश राजधानी पूर्वाधार बिकास बिशेष आयोजना, बागमती प्रदेश मकवानपुर, हेटौंडा । |
| प्रस्तावको व्यहोरा | प्रस्तावित आयोजना इन्द्रशरोवर गाउँपालिका वार्ड नं ३ को कुलेखान-सिस्नेरी-छैमले-दक्षिणकाली सडकअन्तर्गत्को ज्यामिरे-रामचन्द्रभन्ज्याङ्ग (चेनेज: ०+००० देखि १२+१५८) सडक खण्डमा कार्यान्वयन हुनेछ । यस सडकको सुरु बिन्दु इन्द्रशरोवर गाउँपालिकाको वार्ड नं २ र ३ को सिमानामा अवस्थित ज्यामिरे भन्ने स्थानमा रहेको छ र अन्तिम विन्दु काठमाडौं र मकवानपुरको सिमाना नजिकै इन्द्रशरोवर गाउँपालिकाको वार्ड नं ३ मा रहेको रामचन्द्रभन्ज्याङ्ग भन्ने स्थानमा रहेको छ । यस प्रस्तावको कार्यान्वयनको क्रममा कन्स्ट्रक्सन यार्ड, लेवर क्याम्प आदि निर्माण गरिनेछ साथै जमिन उत्खनन् तथा भरण, सतह निर्माण, पर्खाल, नालि तथा पानी तर्काउने संरचना र सडक कालोपत्रे गर्ने कार्य यस आयोजनाका मुख्य क्रियाकलाप रहेका छन् । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा/गा.पा. | मकवानपुर जिल्ला इन्द्रसरोवर गाउँपालिका वार्ड नं. २ र ३ नं. क्षेत्र |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. र गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **नाम** : प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना<br>**ठेगाना** : वागमति प्रदेश, मकवानपुर हेटौडा<br>**ई-मेल** : nksingh@bagmati.gov.np<br>**सम्पर्क व्यक्ति** : नविन कुमार सिंह |
| परामर्शदाताको नाम र ठेगाना | नाम : प्रि-स्टाइन ईन्जिनियरिङ्ग एण्ड मेनेजमेन्ट प्रा.लि.<br>ठेगाना : ललितपुर, नेपाल<br>सम्पर्क व्यक्ति : खगेन्द्र जिरेल<br>फोन: +९७७+९८५११८५१४३ |


## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.: ९८४५२९०३९१, ९८५५०८५३९१**

## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा

**अब प्रत्येक दिन हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

*साथै हरेक दिन HD Quality को इण्डोस्कोपि सेवा प्रदान गरिन्छ ।*

थप जानकारीको लागि

**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**
फोन न.:०५७-५२०३१५


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना